2229/422

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. २५२/०७३/७४

निर्णय नं. ४२२

जिल्ला सुनसरी, धरान उ. म. न. पा.-१३ निबासी बिष्णुप्रसाद चौलागाई ..................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, जिल्ला प्रशासन कार्यालय, सुनसरी .............................................१ } विपक्षी
सूचना अधिकारी, जिल्ला प्रशासन कार्यालय, सुनसरी ..............................................१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।**

जिल्ला सुनसरी, धरान उ. म. न. पा.-१३ निबासी बिष्णुप्रसाद चौलागाईले जिल्ला प्रशासन कार्यालय, सुनसरी समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०८।२७ मा पुनरावेदन गरेको ।

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गरिने छैन भन्ने व्यवस्था गरेको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले प्रवाह गरिने छैन भन्ने व्यवस्था भित्र पर्ने देखिदैन ।

अत: पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी जिल्ला प्रशासन कार्यालय, सुनसरीको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

**तपसिल**

१. जिल्ला प्रशासन कार्यालय, सुनसरीका प्रमुख जिल्ला अधिकारी अध्यक्ष वा संयोजक रहने वा रहेको समितिहरुको नामको प्रमाणित प्रतिलिपि ।
२. जिल्ला प्रशासन कार्यालय, सुनसरीको आ. व. २०७२/७३ को अन्तिम लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि ।
३. सुनसरी जिल्ला स्थित नेपाल सरकार मातहतका कार्यालयहरु र उक्त कार्यालयहरुका सूचना अधिकारीहरुको नाम र सम्पर्क नम्बर सहितको बिवरण ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत २०७३ साल पुष २१ गते रोज ५ शुभम् ।